| ऐन संख्या :- | ....... |
|---|---|

खोटेहाङ गाउँपालिका

# खोटेहाङ गाउँपालिकाको स्थानीय शिक्षा ऐन, २०७४

| गाउँसभाबाट स्वीकृत मिति :- | २०७४।१०।१४ |
|---|---|

खोटेहाङ गाउँपालिका

खोटाङ जिल्ला

१ नं प्रदेश

# स्थानीय शिक्षा ऐन, २०७४

**प्रस्तावना :**

प्रत्येक नागरिकमा सहिष्णुता, सदाचार, नैतिकता र मानवीय मूल्यको प्रवर्धन गरी संघीय लोकतन्त्रको संस्थागत विकास, मुलुकको समृद्धि र जनहितका लागि स्थानीय, राष्ट्रिय र विश्वव्यापी आवश्यकतामा आधारित प्रतिस्पर्धी जनशक्ति तयार गर्न यस स्थानीय तहको क्षेत्रभित्र स्थापना हुने तथा स्थापना भई सञ्चालन रहेका विद्यालय तथा शैक्षिक निकायहरुको व्यवस्थापन गर्न वाञ्छनीय भएकोले, "नेपालको संविधान २०७२ को धारा २२१, अनुसूची ८ को सूची नं. ८" तथा "स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ वमोजिम खोटेहाङ गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ।

## परिच्छेद - एक
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस ऐनको नाम " खोटेहाङ गाउँपालिकाको शिक्षा ऐन, २०७४" रहेको छ।

(२) यो ऐन खोटेहाङ गाउँपालिका भर लागू हुनेछ।

(३) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात लागु हुनेछ।

२. परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा-

(क) "ऐन" भन्नाले खोटेहाङ गाउँपालिकाको शिक्षा ऐनलाई सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले खोटेहाङ गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ।

(ग) "कोष" भन्नाले दफा ४५ वमोजिम विद्यालय संचालनका लागि खडा गरिएको संचित कोषलाई सम्झनु पर्छ।

(घ) "गाउँपालिका" भन्नाले खोटेहाङ गाउँपालिकालाई सम्झनुपर्छ।

(ङ) "गाउँ सभा" भन्नाले खोटेहाङ गाउँपालिकाको गाउँ सभालाई सम्झनुपर्छ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले खोटेहाङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(छ) "बाल शिक्षा केन्द्र" भन्नाले चार वर्ष उमेर पूरा भई पाँच बर्ष उमेर पूरा नगरेका बालबालिकाको लागि खोलिएको प्रारम्भिक बाल शिक्षा केन्द्र, नर्सरी, केजी, मन्टेसरी आदि सम्झनु पर्छ।

(ज) "प्राथमिक विद्यालय" भन्नाले बालविकास केन्द्र देखी ५ कक्षा सम्म दिइने शिक्षा सम्झनु पर्छ।

(झ) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ।

(ञ) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौ देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनुपर्छ।

(ट) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक दुवै शिक्षा सम्झनु पर्छ।

(ठ) "प्राविधिक तथा व्यावसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान, सीप तथा विषयवस्तुमा आधारित प्रविधि र व्यवसाय उन्मुख शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाह्सम्म अध्यापन गराइने शिक्षालाई सम्झनु पर्छ।

(ड) "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी समुदायको पहलमा स्थापना भई अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ।

(ढ) "व्यवस्थापन समिति" भन्नाले दफा १९ बमोजिम गठन हुने विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ।

(ण) "शिक्षा शाखा" भन्नाले गाउँपालिकामा रहेको शिक्षा हेर्ने विभाग/महाशाखा र शाखा वा ईकाईलाई सम्झनु पर्छ।

(त) "शिक्षा अधिकृत" भन्नाले गाउँपालिकाकाको शिक्षा शाखाको प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ।

(थ) "श्रोत व्यक्ति" भन्नाले विद्यालयको सुपरिवेक्षण, अनुगमन र निरिक्षण गर्न तोकीएको व्यक्ति सम्झनु पर्छ।

(प्रदीप राई)

(द) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

(ध) "संस्थागत विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमितरुपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृती प्राप्त विद्यालयलाई सम्झनु पर्छ ।

(न) "आवासिय विद्यालय" भन्नाले नेपाल सरकारबाट आवासिय विद्यालयको रुपमा स्वीकृती प्रदान गरीएको विद्यालयलाई जनाउछ ।

(प) "आधारभूत तह उतिर्ण परीक्षा" भन्नाले अधारभूत शिक्षा (कक्षा ८) को अन्त्यमा हुने परीक्षा सम्झनु पर्छ ।

(फ) "कक्षा १० उतिर्ण परीक्षा / एस.ई.ई" भन्नाले कक्षा १० को अन्त्यमा हुने परीक्षा सम्झनु पर्छ ।

(ब) "माध्यमिक तह उतिर्ण परीक्षा " भन्नाले माध्यमिक तह (कक्षा १२) को अन्त्यमा हुने परीक्षा सम्झनु पर्छ ।

(भ) "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ ।

(म) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(य) "शिक्षक" भन्नाले विद्यालयमा अध्यापन गराउने व्यक्तिलाई सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापकका साथै स्थायी/अस्थायी/राहत/करार/साविक उमावि दरबन्दी/अनुदान/बालविकास सहयोगी कार्यकर्ता समेतलाई जनाउँछ ।

(र) "अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनाईएको विद्यार्थीको बाबु, आमा, बाजे वा बज्यै र त्यस्ता अभिभावक नभएका विद्यार्थीको हकमा त्यस्तो विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई समेत जनाउँछ ।

(ल) "अनुमति" भन्नाले नेपाल सरकार/स्थानिय तहले स्थायी स्वीकृति र सहायता प्रदान गरि नसकेको तर कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।

(व) "स्वीकृती" भन्नाले तोकिए बमोजिमको शर्त पुरा गरेको विद्यालयलाई स्थानीय सरकारले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ ।

(स) "साझेदारी विद्यालय" भन्नाले स्थानीय सरकार र निजी/सहकारीहरुको संयुक्त लगानीमा संचालीत विद्यालयलाई सम्झनु पर्छ ।

## परिच्छेद - दुई

## शिक्षाको प्रकार, विद्यालयको वर्गीकरण, अनुमती, स्वीकृती, समायोजन तथा नियमन

३. विद्यालयको तह २ प्रकारका हुनेछन् :

(क) माध्यमिक तह : कक्षा ९ देखि १२ सम्म अध्यापन हुने

(ख) आधारभूत तह : बाल कक्षा देखि कक्षा ८ सम्म अध्ययन अध्यापन हुने ( प्रष्टिकरण आधारभूत तह भित्र कक्षा ५ सम्म अध्यापन हुने विद्यालयलाई प्राथमिक तह र बाल विकास केन्द्र अन्तर्गत बाल हेरचाह केन्द्र, मन्टेश्वरी, किन्डर गार्डेनहरु रहनेछन् । )

४. माध्यमिक शिक्षाको प्रकार :

माध्यमिक तहको शिक्षामा देहायका प्रकारका हुनेछन :-

(क) साधारण माध्यमिक शिक्षा ।

(ख) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा ।

५. शिक्षाको माध्यम :

(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुबै भाषा हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछ :-

(क) आधारभूत (कक्षा ५) सम्म मातृ भाषामा शिक्षा दिन सकिनेछ,

(ख) गैर नेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा नेपालमा बोलिने अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ,

(ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ ।

६. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था : गाउँपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

७. विद्यालयको वर्गीकरण : विद्यालयको सम्पत्ति र स्रोत साधन लगानीका आधारमा निम्नानुसार वर्गीकरण गरिनेछ

(क) सामुदायिक विद्यालय (ख) संस्थागत विद्यालय (ग) गुठी विद्यालय (घ) साझेदारी विद्यालय

८. विद्यालय संचालन गर्न अनुमति लिनुपर्ने :

(१) कुनै नेपाली नागरिकहरुको समुदायले सामुदायिक विद्यालय वा नेपाली नागरिकले शैक्षिक गुठी अन्तर्गत संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई वडा समितिको सिफारिस सहित शिक्षा शाखामा अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर शिक्षा शाखाबाट आवश्यक जाँचबुझ गर्दा निर्धारित मापदण्ड पुरा भई विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा गाउँ शिक्षा समितिको सिफारिसमा गाउँपालिका प्रमुखले अनुमति दिनेछ ।

(३) यो ऐन प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयहरुले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न शिक्षा शाखामा निवेदन दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम निवेदन परेमा शिक्षा शाखाले सो निवेदन उपर १५ दिन भित्र आवश्यक जाँचबुझ गरी शिक्षा समितिमा राय सहित आवेदन पेश गर्ने छ र माग बमोजिम विद्यालय सञ्चालन गर्न शिक्षा समितिको सिफारिसमा गाउँपालिका प्रमुखले पुनः अनुमति तथा स्वीकृति दिनेछ ।

(५) प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषद द्वारा तर्जुमा गरिएको प्राविधिक तथा व्यवसायीक माध्यमिक शिक्षा (टि-एसइइ) सञ्चालनका लागि कुनै सामुदायीक माध्यमिक विद्यालयले आवेदन गरेमा गाउँ शिक्षा समितिको सिफारिसमा गाउँपालिका प्रमुखले अनुमति प्रदान गर्न सक्नेछ । तर अनुमति दिनु अघि परिषदद्वारा तोकिएको मापदण्ड जाँचबुझ र एकिन गर्ने कार्य गाउँ शिक्षा समितिले गर्नुपर्ने छ ।

(६) उपदफा (२), (३) वा (५) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायका विद्यालयलाई शैक्षिक गुठीको रूपमा सञ्चालन गर्न पाउने गरी बिशेष अवस्थामा अनुमति वा स्वीकृति दिइनेछ :-

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय,

(ख) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दानदातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय ।

(७) यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नुपर्नेछ :-

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्टी) सङ्गठित संस्थाको रूपमा हुनुपर्ने,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तीमा पाँचजना र निजी गुठी भए कम्तीमा तीनजना सदस्य हुनुपर्ने,

(ग) शैक्षिक गुठीको आय व्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखा परीक्षकबाट लेखापरीक्षण गराएको हुनुपर्ने,

(घ) शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टीले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रूपमा कामगर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्ने छ । तर सार्वजनिक

शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा गाउँपालिकाको स्वीकृति लिनु पर्नेछ ।

(ङ) गाउँपालिकाले तोकीएको मापदण्ड र प्रकृया अवलम्बन गरी आवश्यकताको आधारमा शहकारी विद्यालय, आवासिय विद्यालय संचालन गर्न सक्ने छ ।

(८) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा शिक्षा शाखामा आवेदन दिनु पर्ने छ । गाउँ कार्यपालिकाबाट सो को स्वीकृति लिई शैक्षिक गुठी अन्तर्गत विद्यालय स्थापना र सञ्चालन गर्न सक्नेछ ।

(९) उपदफा (८) बमोजिम सञ्चालित विद्यालयले पालन गर्नु पर्ने शर्त तथा अन्य व्यवस्था गाउँ शिक्षा समितिले तोके बमोजिम हुनेछन् ।

(१०) यस अघि दर्ता भएका विद्यालय सम्वन्धि व्यवस्था :

(१) माथि जेसुकै उल्लेख भए पनि यस अघि नियमानुसार दर्ता र संचालनमा रहेका विद्यालयहरु यसै ऐन वमोजिम संचालन भएका मानिनेछन् । तर यस अघि संचालनमा भएका विद्यालयले शिक्षा शाखाले तोकेको ढाँचामा विवरण र कागजपत्र पेश गर्नु पर्नेछ ।

(२) यसअघि अनुमति प्राप्त गरेका तर आवश्यक संख्यामा दरबन्दी नभएका सामुदायिक विद्यालयहरुलाई आवश्यक जाँचबुझ गरी स्वीकृती प्रदान गर्नुका साथै आवश्यक संख्यामा दरबन्दीको व्यवस्था गरिनेछ ।

९. धरौटी राख्नु पर्ने : संस्थागत विद्यालय खोल्ने अनुमति लिँदा विद्यालय सञ्चालनको सुरक्षण बापत देहाय बमोजिमको रकम धरौटीको रूपमा राख्नु पर्नेछ :

| | | संस्थागत | सामुदायिक |
|---|---|---|---|
| (क) | माध्यमिक विद्यालय (९–१०)को लागि | सातलाख रूपैयाँ, | तीनलाख रूपैयाँ |
| (ख) | आधारभूत विद्यालय (६–८) को लागि | पाँचलाख रूपैयाँ | दुईलाख पचास हजार रूपैयाँ |
| (ग) | आधारभूत विद्यालय(४–५) को लागि | तीनलाख रूपैयाँ, | एकलाख रूपैयाँ |
| (घ) | आधारभूत विद्यालय (१–३) को लागि | एकलाख पचास हजार रूपैयाँ, | पचहत्तर हजार रूपैयाँ |
| (ङ) | प्रारम्भिक वालविकास केन्द्रको लागि | एकलाख रूपैयाँ, | पचास हजार रूपैयाँ |

तर,

(१) माध्यमिक तहको कक्षा ११–१२ सञ्चालन गर्नका लागि रु. नौ लाख धरौटी राख्नु पर्नेछ ।

(२) नियम ९ बमोजिम विद्यालय सञ्चालन गर्ने अनुमति लिंदा धरौटी राख्नु पर्नेछैन ।

तर, विशेष आवश्यकता भएका विद्यार्थीका लागि वा सिमान्तकृत वा अति विकट भौगोलिक क्षेत्रमा यस्तो विद्यालय खोल्दा कार्यपालिकाले धरौटी छुट दिन सक्नेछ ।

१०. धरौटी रकम जम्मा गरिने : विद्यालयले दफा ९ बमोजिमको धरौटी बापतको रकम विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्रधानाध्यापक र शिक्षा शाखाको प्रतिनिधिको संयुक्त दस्तखत मार्फत सञ्चालन गर्ने गरी मान्यता प्राप्त बैंकमा छुट्टै खातामा जम्मा गर्नु पर्ने छ ।

११. सार्वजनिक शैक्षिक गुठी तथा नेपाल सरकारले अनुदान दिने निजामती, सैनिक, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र शहीद प्रतिष्ठानद्वारा सञ्चालित विद्यालयहरुले समेत पाठ्यक्रम, परिक्षा, अनुगमन संयन्त्र र शैक्षिक क्यालेन्डर यसै ऐन वमोजिम पालना गर्नुपर्ने छ ।

१२. गाउँपालिकाले कुनै विद्यालयसँग मिसाएर वा छुट्टै बाल शिक्षा केन्द्रको स्थापना र सञ्चालन गर्न र थप व्यवस्था गर्न सक्नेछ ।

१३. वाल गृहको संचालन : गाउँपालिका आफैंले वा कुनै व्यक्ति वा संस्थाले वाल गृह संचालन गर्न पाउनेछ । वाल गृह संचालनको लागि आवश्यक प्रकृया गाउँ शिक्षा समितिले तोके बमोजिम हुनेछ ।

१४. सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्ने : गाउँपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाइ समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ । यस्तो केन्द्रमा सामुदायिक पुस्तकालय र वाचनालय सञ्चालन हुन सक्नेछ ।

१५. गाउँपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्ने :

(१) गाउँपालिकाले तोकिएको मापदण्ड पुरा गर्न नसकेका विद्यालयहरुलाई गाउँ शिक्षा समितिले आवश्यक प्रक्रियामार्फत सार्न, गाभ्न वा बन्द गर्न सक्नेछ ।

(२) विद्यालयको नाम परिवर्तन गर्नुपरेमा नाम परिवर्तन गर्नुपर्ने उपयुक्त कारण सहित तोकिएको विवरण र ढाँचामा गाउँ शिक्षा समिति मार्फत गाउँपालिकामा स्वीकृतीका लागि पेश गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश हुन आएको निवेदन उपर गाउँ शिक्षा समितिको सिफारिसमा गाउँपालिकाले नाम परिवर्तनको स्वीकृती दिन सक्नेछ ।

४) विद्यालयको नाम राख्दा वा परिवर्तन गर्दा कुनै व्यक्ति विशेषको नाम, धार्मिक तथा जातिगत विद्वेष झल्किने प्रकारको नाम राख्न पाइने छैन । माध्यमिक तहको हकमा कम्तिमा ५०,००,०००।- (पचास लाख रुपैया मात्र), आधारभूत तहको हकमा कम्तिमा ३०,००,०००। ( तिस लाख रुपैया मात्र) रुपैया वा सो रकम बराबरको जिन्सी प्रदान गरेमा व्यक्तिको नाममा विद्यालयको नाम परिवर्तन गर्न बाधा पुगेको मानिने छैन ।

## परिच्छेद - ३
## शिक्षा सम्बन्धी संरचनागत व्यवस्था

१६. गाउँ कार्यपालिका, प्रमुख प्रशासकीय अधिकृत, शिक्षा अधिकृत, निरीक्षक, स्रोतव्यक्ति र प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुने छ ।

१७. गाउँ शिक्षा समिति सम्बन्धी व्यवस्था :

(१) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालय तथा शैक्षिक निकायहरुको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहाय बमोजिमको गाउँ शिक्षा समिति रहनेछ :-

(क) गाउँपालिका अध्यक्ष – अध्यक्ष

(ख) गाउँपालिका अध्यक्षले तोकेको गाउँ कार्यपालिका क्षेत्रभित्रका वुद्धिजीवी, शिक्षाविद् , समाजसेवी मध्येबाट १ महिला १ दलित समेत ३ जना - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) सामुदायिक विद्यालयको प्र.अ.मध्येबाट उच्चतम् विद्यालयको उच्चतम् श्रेणीको (वरिष्ठ) प्रधानध्यापक १ - सदस्य

(ङ) गाउँ कार्यपालिकाको सामाजिक विकास समिति संयोजक - सदस्य

(च) सामुदायिक विद्यालय व्यवस्थापन समितिको अध्यक्ष मध्येबाट समितिले तोकेको १ जना - सदस्य

(छ) शिक्षकहरुको पेशागत महासंघको अध्यक्ष - सदस्य

(प्रदीप राई)
अध्यक्ष

(ज) गाउँपालिकाको क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयमा कार्यरत शिक्षक कम्तीमा १० वर्ष स्थायी सेवा पूरा भएका मावि र आधारभूत तहबाट १ जना महिला सहित २ जना प्रतिनिधि - सदस्य

(झ) स्रोतव्यक्तिहरु मध्येबाट समितिले मनोनित गरेको १ जना - सदस्य

(ञ) शिक्षा अधिकृत -सदस्य सचिव

(२) समितिको बैंठक संचालन प्रकृया, बैंठक भत्ता तथा सेवा सुविधा गाउँ कार्यपालिका बाट तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) अनुसार नियुक्त सदस्यले पदीय आचरण पूरा नगरेमा गाउँ कार्यपालिकाले जुनसुकै समयमा पनि हटाउन सक्नेछ । तर त्यसरी हटाउन वा वर्खास्त गर्नु अघि मनासीब माफिकको स्पष्टिकरणको मौकावाट वञ्चित गरिने छैन ।

(४) गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :

- (क) आर्थिक वर्षको शुरुमै शिक्षा नीति तथा कार्यक्रम बनाई लागू गर्ने ।
- (ख) आफ्नो कार्य क्षेत्र भित्रको शैक्षिक योजना तयार गर्ने ।
- (ग) गाउँपालिका क्षेत्र भित्र विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृति, विद्यालय सार्ने, गाभ्ने सम्बन्धी गाउँपालिकालाई सिफारिश गर्ने ।
- (घ) सामुदायीक तथा साझेदारी विद्यालयमा सरकारी तलब भत्ता पाउने गरी नियुक्त स्थायी/अस्थायी/राहत/ साविक उ.मा.वि. दरबन्दी अनुदानमा नियुक्त शिक्षकहरुलाई आवश्यकता अनुसार दरबन्दी मिलान तथा सरुवा गर्न कार्य गर्ने ।
- (ङ) विद्यालयहरुलाई आर्थिक अनुदान सम्वन्धी आवश्यक स्रोतको खोजी गर्ने ।
- (च) आफ्नो क्षेत्र भित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भय रहित बनाउन सहयोग गर्ने ।
- (छ) विद्यालयहरुको लेखा परीक्षकको नियुक्ति र पारीश्रमिक तोक्ने ।
- (ज) गाउँपालिका क्षेत्र भित्र स्थापना भएका आफ्नो स्रोतमा सञ्चालित सामुदायिक विद्यालयहरुको शिक्षकका सेवा, सुविधा र शर्तहरु स्वीकृत गर्ने ।
- (झ) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक र सजग वनाउने ।
- (ञ) शिक्षाको गुणस्तर कायम राख्ने सूचकहरु विकास गर्ने र प्रगति मूल्यांकन गर्ने
- (ट) शैक्षिक गुठीसँग गर्ने सम्झौताका शर्तहरु निर्धारण गर्ने,
- (ठ) शैक्षिक संस्था र शिक्षासंग आबद्ध शिक्षक कर्मचारीहरुलाई कामको आधारमा आवश्यक प्रोत्साहन, नसिहेत, दण्ड, कारवाही गर्ने गराउने ।
- (ड) विशेषज्ञहरुको छनौट गरेर सूची प्रकाशन गर्ने ।
- (ढ) संस्थागत विद्यालय संचालनको मापदण्ड बनाउने, संचालनको स्वीकृती र अनुमतीको लागि गाउँपालिकालाई आवश्यक राय सुझाव प्रदान गर्ने ।
- (ण) विद्यालय गाभ्ने, सार्ने, नाम परिवर्तन गर्ने, तह थप गर्ने, नीति तर्जुमा गरी गाउँ पालिकामा पेस गर्ने ।
- (त) सामुदायिक सिकाई केन्द्र स्थापना र सञ्चालन सम्बन्धी नीति तर्जुमा गर्ने ।
- (थ) आवश्यकता अनुसार दिवा खाजा व्यवस्थापन गर्ने ।
- (द) विद्यालय बाहिर रहेका बालबालिका पहिचान गरी सबैका लागि शिक्षा सुनिश्चित हुने प्रवन्ध गर्ने ।
- (ध) विद्यालयमा पठनपाठनको अधिकतम प्रवन्ध हुने गरी शैक्षिक क्यालेण्डर बनाई लागु गर्ने, गराउने ।
- (न) शिक्षक तालिम नीति तर्जुमा गरी लागु गर्ने ।
- (प) गाउँ कार्यपालिकालाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श दिने ।
- (फ) शैक्षिक सूचना प्रणाली स्थापना गरी सबै विद्यार्थी, शिक्षक र शिक्षासँग सम्बन्धित तथ्याङ्कहरु राख्ने ।

(प्रदीप राई)
अध्यक्ष

(ब) शिक्षामा सबै वालवालिकाको पहुँच, गुणस्तरमा सुधार र संरक्षणका पक्षहरुलाई ग्यारेण्टी गर्न आवश्यक नीति, नियम तथा कार्यक्रमहरु संचालन गर्ने ।

(भ) शिक्षक नियुक्ति प्रयोजनका निमित्त आवश्यक पर्ने विषयगत रोष्टरहरुको योग्यता सहितको आवेदन मागी सूची प्रकाशित गर्ने ।

(म) तोकिए वमोजिमका अन्य कार्यहरु गर्ने ।

(य) सम्बाद समिति गठन गर्ने ।

१८. गाउँपालिका अन्तर्गतका शिक्षा सम्वन्धी कार्यक्रम व्यवस्थापन गर्न र शैक्षिक प्रशासन सञ्चालन गर्न १ जना शिक्षा अधिकृत रहने छन् । निजको काम, कर्तव्य र अधिकार निम्नानुसार हुनेछ :

(१) गाउँ स्तरीय शिक्षा योजना तर्जुमा गरी गाउँ कार्यपालिकामा पेश गर्ने,

(२) गाउँपालिका तथा गाउँ शिक्षा समितिबाट शिक्षा तथा शैक्षिक विकासका लागि पारित नीति तथा कार्यक्रमको कार्यान्वयन गर्ने तथा प्राप्त निर्देशन पालना गर्ने,

(३) विद्यालय तथा शैक्षिक निकायहरुको अनुगमन तथा सुरिवेक्षण गर्ने गराउने,

(४) गाउँ कार्यपालिका, गाउँ शिक्षा समिति र प्रमुख प्रशासकीय अधिकृतलाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श दिने,

(५) शिक्षकहरुको कार्य सम्पादन मूल्याङ्कन गर्ने,

(६) गाउँपालिका शिक्षा समितिको सदस्य सचिवको भूमिकामा निर्वाह गर्ने,

(७) शिक्षा अधिकृतको अन्य काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ,

१९. वडा शिक्षा समिति सम्बन्धी व्यवस्था :

(१) वडा स्तरमा देहाय बमोजिमको वडा शिक्षा समिति गठन गरिने छ :

(क) सम्बन्धित वडाको वडाध्यक्ष वा निजको काम गर्न तोकेको व्यक्ति -संयोजक

(ख) वडा समितिका सदस्यहरु मध्ये वडा समितिले तोकेको एक जना महिला -सदस्य

(ग) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्ये वडा समितिले तोकेको एक जना -सदस्य

(घ) माध्यमिक तह र आधारभूत तहका विद्यालयका शिक्षक मध्येबाट गाउँपालिका स्तरिय शिक्षक महासंघले तोकेको एक जना -सदस्य

(ङ) वडा भित्रका शिक्षाप्रेमीहरु मध्येबाट वडा समितिले तोकेको एक जना -सदस्य

(च) सम्बन्धित स्रोतकेन्द्रको स्रोतव्यक्ति -सदस्य

(छ) सम्बन्धित वडाको वडा सचिव -सदस्य सचिव

(ज) गाउँपालिकाका पेशागत शिक्षक संगठनहरुका प्रतिनिधिहरु -आमन्त्रित सदस्य

(२) वडा शिक्षा समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :

(क) आफ्नो वडाको शैक्षिक योजना तयार गर्ने ।

(ख) आफ्नो क्षेत्र भित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भयरहित बनाउन सहयोग गर्ने ।

(ग) विद्यालय व्यवस्थापन समितिलाई आवश्क निर्देशन दिने, जागरुक र सजग वनाउने ।

(घ) विद्यालयको लागि आवश्यक साधनस्रोत जुटाउने र परिचालन गर्ने गराउने ।

(ङ) अभिभावक र शिक्षक वीच विवाद भएमा त्यसको समाधान गर्ने ।

(च) विद्यालयको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने ।

(छ) विद्यालय गाभ्ने, सार्ने, नाम परिवर्तन गर्ने, तह थप गर्न गाउँ शिक्षा समितिमा सिफारिस गर्ने ।

(ज) शिक्षकको सरुवा तथा दरबन्दी मिलानको लागि सिफारिस गर्ने ।

(झ) वडाको शैक्षिक अभिवृद्धिका लागि आवश्यक कार्यहरु गर्ने ।

(ञ) वडा शिक्षा समितिले आफ्नो बैठक सञ्चालन तथा कार्यविधि आफैले निर्धारण गर्नेछ ।

(ट) गाउँ शिक्षा समितिले तोके बमोजिम अन्य कार्य गर्ने ।

(ठ) कार्यसम्पादनको आधारमा वडा शिक्षा समितिले शिक्षकलाई पुरस्कार र दण्डका लागि गाउँ शिक्षा समितिमा सिफारिस गर्ने ।

२०. विद्यालय व्यवस्थापन समिति :

बोदेहाङ गाउँपालिका
कार्यपालिकाको कार्यालय

(प्रदीप राई)
अध्यक्ष

(१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :-

(क) समितिका सदस्यहरूले (ख) र (घ) मध्येबाट छानेको व्यक्ति -अध्यक्ष

(ख) अभिभावकले आफूहरु मध्येबाट छानी पठाएका कम्तीमा दुईजना महिला सहित चारजना -सदस्य

(ग) सम्बन्धित विद्यालयका शिक्षकहरुले आफूमध्येबाट छानी पठाएको एक जना शिक्षक प्रतिनिधि -सदस्य

(घ) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, चन्दादाता व्यक्तिहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेको एकजना महिला सहित दुईजना -सदस्य

(ङ) वडा अध्यक्ष/वडा समितिले तोकेको सदस्य एक जना -पदेन सदस्य

(च) विद्यालयको प्रधानाध्यापक -सदस्य सचिव

(२) वि.व्य.स.गठन हुने अभिभावक भेलाको अध्यक्षता सम्बन्धीत वडा अध्यक्षले गर्ने छन् ।

(३) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति गठन अभिभावक भेलाबाट हुन नसकेमा सम्बन्धीत वडा अध्यक्ष र शिक्षा अधिकृतको सिफारीसमा गाउँ शिक्षा समितिले विद्यालय व्यवस्थापन समिति गठन गरि दिन सक्ने छ ।

(४) उपदफा (१) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा गाउँ शिक्षा समितिले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर त्यसरी पदबाट हटाउनु अघि वा समिति विघटन गर्नु अघि आफ्नो सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(५) विद्यालयलाई शान्ती क्षेत्र र वालमैत्री विद्यालयको रुपमा विकास गर्न तोकिएको सूचकहरु पुरा गर्न आवश्यक कार्य गर्नु व्यवस्थापन समितिको दायित्व हुनेछ ।

(६) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने,

(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी गाउँपालिकालाई दिने,

(ङ) विद्यालयमा शिक्षक, कर्मचारी र विद्यार्थीको पोशाकको कार्यान्वयन गर्ने,

(छ) स्विकृत दरवन्दी अनुसारका शिक्षकहरुको खोजी गरी काममा लगाउने तथा गाउँपालिकावाट स्वीकृत दरवन्दीमा कर्मचारीको व्यवस्थापन गर्ने;

(झ) गाउँ शिक्षा समितिबाट तोकिएको रजिष्टर्ड लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने,

(ञ) लेखापरीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारबाही गर्ने र त्यसको प्रतिवेदन गाउँ शिक्षा समितिमा पेश गर्ने,

(ट) तोकिए बमोजिमका क्षेत्रसँग सम्बन्धित गाउँपालिका र गाउँ शिक्षा समितिले दिएको निर्देशनहरूको पालना गर्ने,

(ठ) प्रचलित कानुन र नियम पालना नगर्ने शिक्षक तथा कर्मचारीलाई विभागीय कारवाहीका लागि सिफारिस गर्ने;

(ढ) विद्यालयको आन्तरिक श्रोतबाट खर्च व्यहोर्ने गरी नियुक्त गरेका शिक्षकको लागि सेवा, शर्त र सुबिधा तोक्ने र तोकिए बमोजिमको पारीश्रमिक तथा सुविधाको व्यवस्था गर्ने;

(ण) विद्यालय शिक्षा एकै समयमा सञ्चालन गर्ने प्रबन्ध मिलाउने,

(त) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

(७) विद्यालय व्यवस्थापन समितिले आफ्नो कार्यविधि आफैं बनाउन सक्ने छ ।

२१. शिक्षक अभिभावक संघ : सबै विद्यालयमा शिक्षक र अविभावकहरु रहेका एक शिक्षक अभिभावक संघ रहनेछ । यस सम्बन्धी कार्यविधि गाउँ शिक्षा समितिले तय गरे बमोजिम हुनेछ ।

२२. विद्यालय अनुगमन, निरिक्षण, सुपरिवेक्षण गर्न स्रोत व्यक्ति रहने छ । निजको काम कर्तव्य र अधिकार तोकिए बमोजीम हुने छ ।

## परिच्छेद - ४
## विद्यालय तहको शिक्षक तथा कर्मचारीको दरवन्दी, सेवाशर्त र योग्यता

२३. गाउँपालिकाले शिक्षकको दरवन्दी निर्धारण गर्ने :

(१) गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक तथ प्राविधिक विद्यालयहरुमा आवश्यक पर्ने शिक्षक तथा कर्मचारीहरुको दरवन्दी निर्धारण गाउँ शिक्षा समितिको सिफारिशमा गाउँपालिकाले गर्नेछ ।

(२) गाउँपालिकाले शिक्षकको दरवन्दी निर्धारण गर्दा प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा राष्ट्रिय वा प्रादेशीक मापदण्ड बमोजिम विद्यार्थी तथा शिक्षक अनुपात कायम गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमका दरवन्दीमा नियुक्ति भएका शिक्षकको व्यक्तिगत फाइल खडा गरी शिक्षा समितिले राख्नु पर्नेछ ।

२४. प्र. अ. तथा शिक्षकको सेवा शर्त, योग्यता र सक्षमता : प्र. अ. तथा शिक्षकको सेवा शर्त, योग्यता र सक्षमता तोकिए बमोजिम हुनेछ ।

२५. शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्था : यस सम्बन्धी व्यवस्था शिक्षा नियमावलीमा तोकिए बमोजिम हुनेछ ।

२६. अदालतको आदेशबाट पूनः वहाली हुन सक्ने :

१. विभागीय सजाय भई नोकरीबाट हटाइएको वा वरखास्त भएको शिक्षक अदालतको आदेश वा फैसला बाट मात्र नोकरीमा पूनः बहाली हुन सक्ने छ ।

२. उपदफा १ बमोजिम पूनः बहाली भएको शिक्षकले नोकरीबाट हटेदेखि पूनः बहाली भएको मिति सम्मको पूरा तलब, भत्ता र तलब बृद्धि पाउने भए सो समेत पाउने छ ।

## परिच्छेद - ५
## शिक्षक तथा विद्यालय कर्मचारीको नियुक्ति, सरुवा, बढुवा, तालिम

२७. अध्यापन अनुमति पत्र लिनु पर्ने :

१. यो ऐन प्रारम्भ भएपछि शिक्षक सेवा आयोगबाट अध्यापन अनुमति पत्र नलिई कसैले पनि शिक्षक पदको लागि उम्मेदवार हुन पाउने छैन ।

२८. शिक्षकको नियुक्ति :

(१) विद्यालयमा कायम भएको रिक्त दरवन्दी शिक्षक पदमा करार नियुक्तिको व्यवस्था देहाय वमोजिमको छनौट समितिबाट हुनेछ :

(क) सम्बन्धीत विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष – संयोजक

(ख) शिक्षा शाखामा रहेको बिषयगत रोष्टरहरुको सूचीबाट गोलाप्रथाबाट छानिएको विषय विज्ञ एक जना – सदस्य

(ग) गाउँपालिकाको शिक्षा शाखा प्रमुख – सदस्य

(घ) सम्बन्धित वडाको वडा अध्यक्ष – सदस्य

(ङ) सम्बन्धित विद्यालयको प्रधानाध्यापक -सदस्य सचिव

(२) समितिले आफ्नो कार्यविधि शिक्षा शाखाको मापदण्ड भित्र रही आफै बनाउनेछ ।

२९. प्रधानाध्यापक सम्बन्धी व्यवस्था :

(१) सामुदायिक विद्यालयमा प्रशासकीय कार्य गर्न एक प्रधानाध्यापक रहनेछ ।

(२) प्रधानाध्यापकको नियुक्ति व्यवस्था देहाय बमोजिम हुनेछ :

(क) माध्यमिक तहमा प्रधानाध्यापक हुन स्नातकोत्तर उपाधि प्राप्त स्थायी शिक्षक हुनु पर्नेछ। सो नभएमा स्नातकोत्तर योग्यता प्राप्त शिक्षक मध्येबाट विद्यालय व्यवस्थापन समितिको सिफारिसमा गाउँ शिक्षा समितिबाट प्रधानाध्यापक नियुक्ति गरिनेछ ।

(ख) आधारभूत तहमा प्रधानाध्यापक हुन स्नातक उपाधि प्राप्त स्थायी शिक्षक हुनु पर्नेछ । सो नभएमा स्नातक तहको योग्यता प्राप्त शिक्षक मध्येबाट विद्यालय व्यवस्थापन समितिको सिफारिसमा गाउँपालिका शिक्षा समितिबाट प्रधानाध्यापक नियुक्ति गरिनेछ ।

(ग) प्रधानाध्यापकले नियुक्ति हुनु पूर्व तिन बर्षे विद्यालय सूधारको कार्ययोजना वडा शिक्षा समिति मार्फत गाउँ शिक्षा समितिमा पेश गर्नु पर्ने छ ।

(घ) प्रधानाध्यापकको अवधी ३ बर्षको हुनेछ । निज बढीमा लगातार २ कार्यकाल मात्र सो पदमा वहाल रहन पाउनेछ ।

(ङ) विद्यालयको व्यवस्थापकीय नेतृत्व तथा शैक्षिक प्राविधिक नेतृत्व गरी विद्यालयको बृहत्तर हित गर्नु प्रधानाध्यापकको कर्तव्य हुनेछ ।

(च) निजले पेस गरेको कार्ययोजना बमोजिम कार्य गरेको नपाईएमा विद्यालय व्यवस्थापन समितिको सिफारीसमा गाउँ शिक्षा समितिले निजलाई हटाउन सक्नेछ तर एक पटक स्पष्टिकरणको मौका दिइनेछ ।

३०. शिक्षक तथा कर्मचारीको सरुवा :

(१) न्यूनतम १ वर्ष एकै विद्यालयमा अध्यापन गरेका स्थायी शिक्षकले अर्को विद्यालयमा सरुवा हुन चाहेमा गाउँ शिक्षा समितिमा सरुवाका लागि निवेदन दिन सक्नेछन् । यसरी प्राप्त निवेदनका आधारमा गाउँ शिक्षा समितिले आफ्नो क्षेत्रभित्रका दरवन्दी उपलब्ध भएका र सम्वन्धित विद्यालय व्यवस्थापन समितिले सहमति प्रदान गरेको विद्यालयमा सरुवा गर्न सक्नेछ ।

(२) विशेष अवस्थामा बाहेक शिक्षकको सरुवा शैक्षिक सत्रको सुरु वा अन्त्यमा मात्र गरिनेछ । विशेष अवस्था भन्नाले निज सो विद्यालयमा रहन नसक्ने, विषयगत दरवन्दी आवश्यक नरहेको, स्वास्थ्य समस्या, पतिपत्नी सगैं रही सेवा गर्न पाउने अवस्था वा अन्य चित्तबुझ्दो कारण समेत बुझिने छ ।

(३) विद्यालय व्यवस्थापन समितिको दोहोरो सहमतिमा अस्थायी/करार/राहत/साविक उमावि दरबन्दी / अनुदान शिक्षक/बाल विकास सहयोगी कार्यकर्ता/ विद्यालय कर्मचारीको सरुवा गर्न सकिने छ ।

(४) घरपायक सरुवामा अपाङ्ग शिक्षकहरुलाई विशेष प्राथमिकता दिनु पर्ने छ ।

(५) विद्यालय व्यवस्थापन समितिको दोहोरो सहमतिमा एकै तहका विविध प्रकृतिका शिक्षकहरुको सरुवा गर्न सकिनेछ ।

(६) अन्तर स्थानीय तह र अन्तर प्रदेश सरुवाको व्यवस्था प्रदेश र संघीय कानूनले तोके बमोजिम हुनेछ ।

(७) बिशेष अवस्थामा शिक्षकको सरुवा गाउँ कार्यपालिका ले गर्न सक्नेछ ।

३१. दरवन्दी मिलान :

(१) गाउँ शिक्षा समितिले विद्यालयमा तहगत, कक्षागत तथा विषयगत र शिक्षक विद्यार्थी अनुपातका आधारमा बढी दरवन्दी भएको विद्यालयबाट कम दरबन्दी भएको विद्यालयमा दरवन्दी मिलानका लागि गाउँ कार्यपालिका समक्ष सिफारिस गर्न सक्ने छ ।

(२) यसका लागि शिक्षक कम भएका विद्यालय, विद्यालय नै नभएको क्षेत्र तथा पिछडिएका र ग्रामीण क्षेत्रलाई प्राथमिकता दिइने छ ।

३२. शिक्षकको बढुवा सम्बन्धी व्यवस्था : हाल स्थायी रुपमा सेवारत शिक्षकको बढुवा सम्बन्धी व्यवस्था नेपाल सरकारबाट लागू भएको संघीय कानुन बमोजिम हुनेछ । स्थानीय तहबाट नियुक्ती पाएका करार शिक्षकहरुको बढुवा हुने छैन ।

३३. शिक्षकलाई अन्य काममा लगाउन नहुने :

(१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, दैवी प्रकोप उद्धार वा नेपाल सरकार र गाउँपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

३४. कार्यसम्पादन करार सम्झौता गर्नुपर्ने : शिक्षालाई प्रभावकारी बनाउन देहाय अनुसार कार्यसम्पादन करार सम्झौताको प्रकृया अवलम्बन गर्नुपर्नेछ ।

(१) गाउँपालिका अध्यक्षको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले शिक्षा शाखा हेर्ने अधिकृतसँग, शिक्षा अधिकृतले सबै विद्यालयका प्रधानाध्यापकसँग, प्रधानाध्यापकले आफ्ना मातहतका सबै शिक्षकहरुसँग कार्य सम्पादन करार सम्झौता गर्नुपर्ने छ ।

(२) कार्य सम्पादन करार सम्झौता १ वर्षको हुने छ । करार सम्झौता अनुसार काम भए नभएको मूल्यांकन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा तयार गरी कार्यपालिका समक्ष पेश गर्नुपर्ने छ ।

(३) वार्षिक कार्य सम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्य गाउँ शिक्षा समितिले तयार पारी गाउँ कार्य पालिकामा पेश गर्नु पर्नेछ ।

## परिच्छेद - ६
## सामुदायिक विद्यालयको भौतिक पूर्वाधार निर्माण, मर्मत सम्भार, संचालन र व्यवस्थापन

३५. विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड निर्धारण :

(१) विद्यालयमा विद्यार्थी संख्या अनुसार कक्षाकोठा, खेल मैदान कम्पाउण्ड, घेराबार, बालमैत्री बसाइ व्यवस्था, वातावरण मैत्री हाता, करेसाबारी, फूलबारी, स्वच्छ पिउने पानी, छात्र छात्राका लागि अलग अलग शौचालय तथा सिकाइ मैत्री वातावरण हुनु पर्नेछ ।

२) विद्यालयको स्तर अनुसार भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड तोकिए बमोजिम हुनेछ ।

३) प्राविधिक तथा व्यवसायिक शिक्षा प्रदान गर्ने विद्यालय तथा विज्ञान मूल विषय पठनपाठन हुने विद्यालयमा प्रयोगशाला तथा प्रयोगात्मक अभ्यासको थप सुविधा हुनु पर्ने छ ।

४) प्रत्येक विद्यालयमा आवश्यक पूर्वाधार सहितको व्यवस्थित पुस्तकालयको व्यवस्था गाउँपालिकाले गर्नु पर्ने छ ।

३६. विद्यालयको सम्पत्ति :

(१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति गाउँपालिकाले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा प्रचलित कानुनबमोजिम बेच-बिखन गरी प्राप्त भएको रकम सम्बन्धित गाउँपालिका शिक्षा कोषमा जम्मा गर्नेछ ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहने छ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

(३) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रूपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँ पालिकाको अनुमति लिनु पर्नेछ ।

३७. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन :

(१) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व सो विद्यालयकै नाममा रहने छ । सो विद्यालय बन्द, खारेज वा अन्यत्र गाभिई विद्यालयको काममा प्रयोग नहुने भएमा गाउँपालिकाले कानुन बमोजिम भोग चलन गर्न सक्ने छ ।

(२) विद्यालयको सम्पत्तिको अभिलेख दुरुस्त राख्ने, संरक्षण तथा व्यवस्थापन गर्ने दायित्व सो विद्यालयको व्यवस्थापन समितिको रहने छ ।

(३) सामुदायिक विद्यालयको जग्गाको संरक्षण र व्यवस्थापन गर्ने कर्तव्य गाउँपालिका र नेपाल सरकारको रहने छ ।

३८. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तक :

(१) विद्यालयले नेपाल सरकारले तोकेको न्यूनतम मापदण्ड अनुरुप सिकाइ उपलब्धि हासिल हुने गरी अध्ययन अध्यापन गराउनु पर्नेछ । विद्यालयले नेपाल सरकारले तोकेको मापदण्ड भित्र रही प्रादेशिक तथा स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्न सक्नेछ ।

(२) विद्यालयलाई आवश्यक पर्ने पाठ्यपुस्तकहरुको संख्या सम्बन्धित विद्यालयले तोकिएको समय सीमा भित्र गाउँ शिक्षा समितिमा माग गर्नुपर्नेछ ।

(३) गाउँ शिक्षा समितिले शैक्षिक सत्र शुरु हुनु अगावै सम्बन्धित निकायहरुमा समन्वय गरी पाठ्यपुस्तकको प्रबन्ध गर्नेछ ।

(४) क्रेडिट आवर भनेको - आधारभूत तहसम्मको शिक्षाका लागि स्थानीय आवश्यकतामा आधारित बढीमा १०० पूर्णाङ्क वा ४ क्रेडिट आवर बराबरको स्थानीय थप विषयको स्थानीय पाठ्यक्रम प्रयोगमा ल्याउन सक्नेछ । यसको लागि पाठ्पुस्तक विद्यालय व्यवस्थापन समितिले निर्णय गरी लागु गर्न सक्ने छ ।

(५) हरेक विद्यालयमा शैक्षिक स्तरको न्यूनतम मापदण्ड तोकी शिक्षक विद्यार्थी सहकार्यमा आधारित पाठ्य सामग्री, थप स्वाध्ययन सामग्री, पुस्तकालय, मनोविमर्श, अभिभावक शिक्षाको प्रवन्ध हुनु पर्नेछ ।

३९. अतिरिक्त शैक्षिक कृयाकलापको सञ्चालन : विद्यालयले पाठ्यक्रममा आधारित सिकाइमा सहजता ल्याउन अतिरिक्त शैक्षिक कृयाकलापहरु बालक्लव, तथा वातावरण मैत्री क्लवहरु गठन, परियोजना कार्य, अध्ययन भ्रमण, पोषण शिक्षा, खेलकुद प्रतियोगिता, साहित्यिक तथा बहु प्रतिभा मूखि कृयाकलापहरु सञ्चालन गर्न सक्नेछ ।

## परिच्छेद - ७

## संस्थागत विद्यालयको अनुमति, मापदण्ड निर्धारण, अनुगमन, मूल्याङ्कन र नियमन सम्बन्धी व्यवस्था

४०. संस्थागत विद्यालय सञ्चालन गर्न तोकिए बमोजिम अनुमती वा स्वीकृती लिनु पर्नेछ ।

४१. संस्थागत विद्यालयको व्यवस्थापन समिति :

(१) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :-

(क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरू मध्येबाट सम्बन्धित विद्यालयको सिफारिसमा गाउँपालिकाबाट मनोनित - अध्यक्ष

(ख) अभिभावकहरू मध्येबाट कम्तीमा एक जना महिला पर्ने गरी विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको दुई जना - सदस्य

(ग) स्थानीय शिक्षा प्रेमी वा समाजसेवीहरू मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको एकजना - सदस्य

(घ) सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षक - सदस्य

(ङ) सम्बन्धित विद्यालयका शिक्षकहरूले आफूहरूमध्येबाट छानी पठाएको एकजना - सदस्य
(च) विद्यालयको प्रधानाध्यापक - सदस्य-सचिव

(२) उपदफा (१) को (क) (ख) र (ग) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

४२. संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार

(१) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,
(ख) विद्यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,
(ग) विद्यालयको चल, अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,
(ङ) नेपाल सरकार र गाउँपालिकाले तोके बमोजिमको पाठ्यक्रम तथा पाठ्यपुस्तक लागू गर्ने गराउने,
(च) प्रचलित कानुन बमोजिम योग्यता पूरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने,
(छ) शिक्षक तथा कर्मचारीको न्यूनतम तलब, सेवा सुविधा तोक्ने,,
(ज) अनुशासनहीन शिक्षक उपर कारबाही गर्ने,
(झ) कानुनमा उल्लेखित व्यवस्थाका अतिरिक्त गाउँपालिकावाट जारी शिक्षाक्षेत्रसँग संम्बन्धित सवै नीति, नियम, तथा निर्देशनहरूको पालना गर्ने;

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४३. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्ने :

(१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम आर्थिक रुपमा विपन्न, अपाङ्गता भएकाहरु, महिला, दलित विद्यार्थीहरूलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ । छात्रवृत्ति वितरणको यथार्थ जानकारी सम्वन्धित वँडा समिति र गाउँपालिका शिक्षा शाखा समक्ष बुझाउनु पर्ने छ ।

(२) छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको छनौटको लागि आधार, शर्त र प्रकृया विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई सार्वजनिक समेत गर्नु पर्नेछ र समितिले छात्रवृत्तिको लागि छनौटको नतिजा आधार सहित सार्वजनिक गर्नु पर्नेछ ।

४४. शिक्षकको न्यूनतम पारिश्रमिक र पूर्वाधारको मापदण्ड तोक्ने : गाउँ शिक्षा समितिले संस्थागत विद्यालयका शिक्षकहरुको न्यूनतम पारिश्रमिक र न्यूनतम पूर्वाधारको मापदण्ड तोक्न सक्नेछ ।

४५. अनुगमन तथा मूल्याङ्कन :
संस्थागत विद्यालयको गुणस्तर कायम राख्न गाउँपालिका वा गाउँ शिक्षा समिति ले जुनसुकै समयमा अनुगमन गर्न, निर्देशन दिन सक्नेछ । यसरी प्राप्त निर्देशन कार्यान्वयन गर्नु संस्थागत विद्यालयको अनिवार्य दायित्व हुनेछ ।

४६. अनुमति वा स्वीकृति रद्द गर्ने : कुनै संस्थागत विद्यालयले कानुन र नियम विपरीत कुनै काम गरेमा गाउँपालिकाले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति रद्द गर्न सक्नेछ । तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

## परिच्छेद - ८
## परीक्षा सञ्चालन तथा गुणस्तर मापन

४७. १. गाउँपालिका क्षेत्रभित्र पर्ने विद्यालयहरुमा परीक्षा संचालन तथा समन्वयको लागि देहायको एक परीक्षा समिति रहनेछ ।

(प्रदीप राई)
अध्यक्ष

(क) गाउँ शिक्षा समितिको अध्यक्ष - अध्यक्ष
(ख) गाउँपालिका को उपाध्यक्ष - सदस्य
(ग) गाउँपालिकाको सामाजिक विकास शाखा संयोजक - सदस्य
(घ) प्रमुख प्रशासकिय अधिकृत - सदस्य
(ङ) गाउँपालीका स्तरिय प्रहरी कार्यालयको अधिकृत स्तरको प्रतिनिधी - सदस्य
(च) गाउँपालिका भित्र पर्ने माध्यमिक विद्यालयका प्रधानाध्यापक /शिक्षकहरु मध्येबाट गाउँपालीका स्तरीय शिक्षक महासंघले तोकेको दुई जना - सदस्य
(छ) स्रोतव्यक्ति - सदस्य
(ज) शिक्षा अधिकृत - सदस्य-सचिव

(१) परीक्षा समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(२) स्थानीय तहको क्षेत्रधिकार वाहिरको शैक्षिक तहको परीक्षा संचालन गर्न सम्वन्धित निकायवाट भएको व्यवस्था वमोजिम समितिले सहजीकरण र समन्वय गर्नेछ।

(३) कक्षा ५ र कक्षा ८ को परीक्षा संचालन कार्यपालिकाबाट स्वीकृत मापदण्ड वमोजिम समितिले गर्नेछ।

(४) उपदफा २ र ३ वाहेकका कक्षाहरुको परीक्षा विद्यालय व्यवस्थापन समितिको निर्देशनमा प्रधानाध्यापकले गर्ने छ।

२. हरेक विद्यालयले एक शैक्षिक सत्रमा अनिवार्य रुपमा क्रम्तीमा ३ ओटा लिखित परीक्षा सञ्चालन गर्नु पर्नेछ। परीक्षा कार्यक्रम परीक्षा समितिले तोकेबमोजिम हुनेछ। परीक्षाको नतिजा विश्लेषण गरी विद्यार्थीहरुको प्रगति विवरण विद्यार्थी र अभिभावकलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्ने छ। आवश्यक खर्चको व्यवस्था परीक्षा समितिको सिफारिशमा गाउँपालिकाले गर्नेछ। तर बाल कक्षा मात्र सञ्चालनमा रहेका बाल गृहहरुलाई यो नियम अनिवार्य हुने छैन।

३. सुपरीवेक्षण समिति रहने : गाउँपालिका क्षेत्रभित्र रहेका विद्यालयहरुको शैक्षिक गुणस्तर मापन तथा शैक्षिक कार्यक्रमहरुको अनुगमन तथा सुपरीवेक्षण गर्न गाउँपालिकामा एक सुपरीवेक्षण समिति रहनेछ। उक्त समितिले कार्यक्रम बनाई नियमित रुपमा गाउँपालिका क्षेत्रभित्रका विद्यालयहरुको अनुगमन तथा सुपरीवेक्षण गरी आफ्नो प्रतिवेदन शिक्षा समितिलाई बुझाउनु पर्नेछ।

## परिच्छेद - ९
## विद्यालयलाई दिइने अनुदान, लेखा व्यवस्थापन र शुल्क नियमन

४८. विद्यालय कोष :

(१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहाय वमोजिमका स्रोतवाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछः-

(क) नेपाल सरकार, प्रादेशिक सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान,
(ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,
(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम, र
(घ) अन्य स्रोतबाट प्राप्त रकम।

४९. अनुदानको व्यवस्था :

(१) यो ऐन प्रारम्भ हुँदाका बखत दिँदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको सूत्रको आधारमा गाउँपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिनेछ। तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिँइदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न सकिनेछ।

(२) सामुदायिक विद्यालयहरुलाई तोकिए बमोजिम अनुदान उपलब्ध गराउन सक्नेछ।

(३) गाउँपालिकाले गाउँपालिका भित्रका सामुदायिक विद्यालयमा कार्यरत न्यून वेतन भएका बालविकास सहयोगी कार्यकर्ता र विद्यालय कर्मचारीहरुको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम ऐन तथा गाउँपालिकाको श्रोत र साधनलाई मध्यनजर गर्दै न्यूनतम तलबमान निर्धारण गर्नेछ ।

५०. बजेट तयार गर्ने : प्रधानाध्यापकले प्रत्येक शैक्षिक वर्षको अन्त्यमा आगामी वर्षको बजेट तयार गरी व्यवस्थापन समितिबाट स्वीकृत गराई त्यसको एक प्रति शिक्षा शाखामा समयमा पठाउनु पर्नेछ ।

५१. लेखा व्यवस्थापन :

(१) सबै विद्यालयहरुले प्रचलित कानून अनुसारको ढाँचामा आय व्यायको लेखा व्यवस्थापन गर्नुपर्ने छ ।

(२) नियमित कारोबारको लेखा राख्न वेग्लै ब्यवस्था गरी कुनै कर्मचारी वा शिक्षकलाई जिम्मेवारी दिनु पर्नेछ ।

५२. सामुदायिक विद्यालयको खाता संचालन :

(१) विद्यालयले आर्थिक कारोबार गर्दा बैंक मार्फत गर्नुपर्नेछ ।

(२) विद्यालयको खाता संचालन प्रधानाध्यापक र लेखा हेर्ने कर्मचारीको संयुक्त दस्तखतबाट संचालन गर्नुपर्नेछ । लेखा हेर्ने कर्मचारी नभएमा प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिको अध्यक्षको संयुक्त दस्तखतबाट संचालन गर्नुपर्नेछ ।

५३. लेखा परीक्षण तथा सामाजिक परीक्षण :

(१) सबै विद्यालयहरुले नियमित रुपमा आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिक भित्र गाउँ शिक्षा समितिले तोकेको रजिष्ट्रर्ड लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्नेछ ।

(२) लेखा परीक्षण प्रतिवेदन लेखा परीक्षण समाप्त भएको १५ दिन भित्र गाउँ शिक्षा समिति मार्फत गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

(३) प्रत्येक बर्ष विद्यालयले सामाजिक परीक्षण गरी विद्यालयको आयव्यय, शैक्षिक उपलब्धी, विद्यालयको आन्तरिक गतिविधि, पारदर्शिता तथा जवाफदेहिताको अवस्था र आगामी कार्ययोजना सामाजिक परीक्षण मार्फत सार्वजनिक तथा अनुमोदन गर्नु पर्नेछ ।

५४. छात्रवृतिको व्यवस्था गर्न सक्ने : गाउँपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीलाई शिक्षा विकास कोषबाट तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

५५. शुल्क सम्बन्धी व्यवस्था :

(१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(२) निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ ।

(३) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एक पटक भर्ना शुल्क लिइसकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(४) विद्यालयले भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(५) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क तोकिएको अधिकारीबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ । त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिँदा विद्यालयले उपलब्ध गराएको सुविधाहरुलाई आधार लिइने छ ।

(६) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ । यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले एक लाख रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

५६. विद्यालयलाई छुट र सुविधा :

(१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) मा लेखिए देखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले तोकिएको आधारमा रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ ।

५७. नेपाल शिक्षक महासंघ :

(१) सामुदायिक विद्यालयका शिक्षकहरुको पेशागत हकहितको सम्बन्धमा कार्य गर्न एक नेपाल शिक्षक महासंघ रहनेछ ।

(२) नेपाल शिक्षक महासंघ स्थानीय स्तरमा गठन गर्न सकिने छ ।

(३) नेपाल शिक्षक महासंघको निर्वाचन तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद - १०
## विविध

५८. (१) गाउँपालिका क्षेत्रमा सञ्चालित सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यवसायिक शिक्षाका निर्धारित विषय अध्यापन गराउन सकिने छ । यस्ता विद्यालयको सञ्चालनका लागि गाउँपालिकाले सम्भाव्यता अध्ययन, विद्यालयलाई थप सुविधा प्रदान र आवश्यक स्रोत पहिचान र परिचालन गर्न सक्नेछ ।

(२) नमूना आवासिय माध्यमिक विद्यालय नमूनाको रुपमा संचालन गर्न सकिने छ ।

(३) विद्यालयको शैक्षीक गुणस्तर बृद्धिका लागि गाउँपालिकाले अनुदान उपलब्ध गराउन सक्नेछ ।

५९. गाउँपालिकाले निर्देशन दिन सक्ने :

(१) गाउँपालिकाले तोकिएको क्षेत्रसँग सम्बन्धित आवश्यक निर्देशनहरु विद्यालय व्यवस्थापन समितिलाई दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

६०. शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्स सञ्चालन :

(१) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा जस्ता शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षाको अनुमति लिने सम्बन्धी व्यवस्था गाउँ शिक्षा समितिले तोके बमोजिम हुनेछ ।

६१. प्रगति विवरण बुझाउनु पर्ने : संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण गाउँ शिक्षा समितिको कार्यालयमा बुझाउनु पर्नेछ ।

६२. स्थानीय शिक्षा विकास कोष :

(१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र बसोवास गर्ने अति विपन्न, प्राकृतिक प्रकोप पिडित, असक्त र असहाय बालबालिकाको शैक्षिक अवसर बृद्धि गर्न तथा उत्कृष्ट विद्यार्थी, शिक्षक, कर्मचारी वा शिक्षा प्रेमीलाई पुरस्कृत गर्न शिक्षा विकास कोष स्थापना हुनेछ ।

(२) कोषमा देहाय बमोजिमका रकम रहन सक्नेछ :

(क) नेपाल सरकार, प्रादेशिक सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान,

(ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम, र
(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) कोषको सञ्चालन गाउँपालिकाको प्रमुख, शिक्षा हेर्ने कार्यपालिका सदस्य र शिक्षा अधिकृत रहेको ३ सदस्यीय समितिबाट हुनेछ ।

६३. विद्यालयको अचल सम्पत्ति बिक्रिको लागि विद्यालय व्यवस्थापन समिति, वडा शिक्षा समिति र गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले गर्ने छ ।

६४. दण्ड सजाय :

(१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारी वा न्यायिक समितिले बिगो असूल गरी विगो बमोजिम जरिवाना गर्न सक्नेछ ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसूरको मात्रा हेरी कानूनले तोके वमोजिम सजाय हुनेछः-

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,
(ख) उत्तर पुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,
(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,
(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,
(ङ) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा ।
(च) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा ।
(छ) कानून विपरीतको अन्य कार्य गरेमा ।

६५. सम्पती सम्बन्धी मुद्दाको तहकिकात र दायरी :

१. सरकारी मुद्दा सम्बन्धी ऐन २०४९ मा जुन सुकै कुरा लेखिएको भएतापनि दफा ६४ को उपदफा १ बमोजिम सजाय हुने कसुर सम्बन्धी मुद्दाको तहकिकात तोकिएको अधिकारीले गर्ने छ । यस्तो तहकिकातको काम पूरा गरी मुद्दा हेर्ने अधिकारी समक्ष सम्बन्धित विद्यालयको नामबाट दायर गर्ने छ ।

२. उपदफा १ बमोजिम मुद्दा तहकिकात र दायर गर्दा तोकिएको अधिकारीले सरकारी वकिलको सल्लाह लिन सक्ने छ ।

६६. मुद्दा हेर्ने अधिकारी : दफा ६४ को उपलफा १ बमोजिम सजाय हुने कसुर सम्बन्धी मुद्दामा प्रमुख जिल्ला अधिकारीले कारवाही र किनारा गर्नेछ ।

६७. नेपाल सकारकार वादी हुने : दफा ६४ को उपलफा १ र २ बमोजिमको मुद्दा नेपाल सरकार वादी हुनेछ ।

६८. पुनरावेदन : तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानून वमोजिम पुनरावेदन लाग्नेछ ।

६९. नियम बनाउने अधिकार :

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँ पालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) यस ऐनको कार्यान्वयनको लागि गाउँ शिक्षा समितिले आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

७०. संक्रमणकालीन व्यवस्था :

(१) यस ऐनले तोकिए वमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदासम्म गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

(२) यो ऐन जारी भए पछि विद्यालयमा रिक्त रहेको दरबन्दीमा विज्ञापनको अनुमति गाउँ कार्य पालिकाले दिन सक्नेछ ।

७१. बाधा अडकाउ फुकाउने अधिकार : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा-अड्काउ परेमा गाउँ पालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ । तर यस्तो आदेश गाउँ कार्यपालिकाले ६ महिना भित्रमा अनुमोदन नगरेमा स्वतः निष्कृय हुनेछ ।

७२. बचाउ र लागू नहुने :

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिनामिना गरेको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारवाही चलाउन बाधा पर्ने छैन ।

(३) संविधानसँग बाझिएको यस ऐनका दफा तथा उपदफाहरु बाझिएको हदसम्म स्वतः निस्क्रीय हुनेछ ।

खोटेहाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खोटाङबजार, खोटाङ
२०७३

(प्रदीप राई)
अध्यक्ष